# नेपाल पत्रकार महासंघ

केन्द्रीय समिति
सञ्चारग्राम, काठमाडौं


मिति : २०७८।०१।२९

## शोक विज्ञप्ति

रौतहटको गरुडास्थित मधेस मसला एफएमका स्टेसन मेनेजर तथा जनकपुर टुडेका स्थानीय सम्वाददाता मनोज चौधरीको कोरोना संक्रमणका कारण ४१ वर्षको अल्पायुमै निधन भएको दु:खद् खबरले नेपाल पत्रकार महासंघ स्तब्ध र दु:खी भएको छ । कोरोना संक्रमण पुष्टि भएपछि १२ दिनदेखि वीरगञ्जस्थित नारायणी क्षेत्रीय अस्पतालमा उपचाररत पत्रकार चौधरीको आज साँझ उपचारको क्रममा निधन भएको हो ।

रौतहटमा सक्रिय पत्रकारिता गरिरहेका चौधरीको निधनले नेपाली पत्रकारिता क्षेत्रले एक कुशल र जुझारु युवा पत्रकार गुमाएको छ । स्वर्गीय चौधरीका श्रीमती, एक छोरा र एक छोरी छन् ।

महासंघ स्वर्गीय पत्रकार चौधरीप्रति हार्दिक श्रद्धाञ्जली अर्पणगर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा महासंघ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ ।

कोरोनाकै कारण हालसम्म १० जना पत्रकारको निधन भएको छ भने ७ सय भन्दा बढी पत्रकार संक्रमित भएका छन् । पछिल्लो केही दिनयता कोरोना संक्रमणको दर बढिरहेको छ । कोरोना संक्रमणको चुनौतीपूर्ण यो अवस्थामा महासंघ सम्भावित जोखिमको ख्याल गरी सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गर्दै पेशागत कर्ममा जुट्न सबै पत्रकारमा अपिल गर्दछ ।

**रोसन पुरी**
**महासचिव**


फोन नं :००९७-१-४-११२७६३, ४-११२६७३, **फ्याक्स** : ४-११२७८५, इमेल : fnjnepal@mail.com.np, Website: www.fnjnepal.org